वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २४४ | २०८२ माघ ०८ गते विहीबार, नेपाल सम्वत् ११४६ January 22, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## ज्येष्ठ नागरिकलाई गाउँटोलमै भत्ता र स्वास्थ्य सेवा

तनहुँको भिमाद नगरपालिका-३ का ज्येष्ठ नागरिकलाई गाउँटोलको पायकपर्ने स्थानमा सामाजिक सुरक्षा भत्ता वितरणका साथै स्वास्थ्य परीक्षण सेवा समेत प्रदान गरिदै । वडा कार्यालयको सक्रियतामा पायक पर्ने ठाउँमा भत्ता वितरण र वडाका स्वास्थ्यकर्मीहरूद्वारा वृद्धवृद्धाको स्वास्थ्य परीक्षण समेत गरिदै आइएको छ ।

*तस्विर : भञ्ज्याङ*

# कन्यालाई टीका लगाएर पृथ्वी सुब्बाले सुरू गरे चुनावी अभियान

**भञ्ज्याङ समाचारदाता/लमजुङ**

आगामि फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मंगलबार उम्मेदवारी मनोनयन दर्ता गरेसंगै नेकपा (एमाले) उपाध्यक्ष पृथ्वी सुब्बा गुरूङले बुधबारबाट चुनावी अभियान सुरू गरेका छन् । मंगलबार श्रीमती कुमारीमुनी गुरूङसहित ग्रामीण पर्यटकीय गाउँले चर्चा कमाएको घलेगाउँ पुगेका उपाध्यक्ष गुरूङले सात कन्यालाई टीका लगाएर बुधबारबाट चुनावी अभियान सुरू गरेका हुन् ।



शान्ति पुनर्स्थापनापछि बनेको २०६४ को अन्तरिम सरकारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हुँदा उनको पहलमा घलेगाउँ दक्षिण एसियाको नमुना गाउँ (सार्क भिलेज) घोषणा गरिएको थियो । क्व्होलासोथार गाउँपालिका-३ मा पर्ने यो गाउँ पृथ्वी सुब्बाको छिमेकी गाउँ हो ।

वडा नं. ९ गिलुङ टक्सारका पृथ्वी सुब्बाले बुधबार बिहान सात जना कन्यालाई दही र चामल मोलेर बनाइएको अक्षता (टीका)का साथै सयपत्री फूलको थुंगा लगाइदिएर ढोग गरे र चुनावी अभियान सुरू भएको घोषणा गरे। घलेगाउँलाई प्रेमबहादुर घलेको नेतृत्वले थप चिनायो। घले प्रतिनिधि सभा सदस्यका लागि नेकपा (एमाले)का तर्फबाट समानुपातिक उम्मेदवार हुन् ।

अनौपचारिक रूपमा सुरू भएको अभियानका क्रममा वरपर गाउँका स्थानीयसमेत सहभागी थिए । उनलाई घलेगाउँका आमाहरूले रूबा (मन्त्रेको धागो) लगाएर शुभकामना दिएका थिए । 'म ढुंगा खोज्दै आएको, तपाईहरु देउता मिल्यो । प्रेम घलेलाई भेट्न आएको, तपाईहरूसँग भेट भयो', उनले भने, 'मेरो आजदेखि चुनावी अभियान सुरू भयो ।' उनले बिहानै तिजे उत्तरकन्या देवीको दर्शन समेत गरेको उल्लेख गरे। उनका अनुसार यो यस क्षेत्रमा ठूलो देवीको रूपमा चिनिन्छ ।

त्यतिमात्र नभएर गुरूङ प्ये (बेद)का श्रृष्टिकर्ता छिँला क्रोइँ र गुरूङको अन्तिम राजा क्लाल्बोरोजा क्लेको शालिकमा समेत पुगे ।

'मैले जन्माएको बच्चाहरु धेरै टुहुरा भए । धेरै सुकेनास लाग्यो। कोही गर्भमै रह्यो, जन्मनै पाएनन्। भनाइको मतलव धेरै योजनाहरु ल्याएको, बाटोको योजना, पानीको योजना । स्कुलको योजना, पुलको योजनाहरु, खेलमैदानका योजना धेरै पूरा भएको छैन, अलपत्र छन्, कोही अघि बढ्दै बढेन', उनले भने। उनले गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा २०७५ मा सुरू गरेको घलेगाउँ जोड्ने कालोपत्र ७ वर्षसम्म पनि पूरा हुन नसकेको उदाहरण दिए ।

'०७६ मा कोभिड लाग्यो । ०७७ मा ठेकेदार आउनै आनाकानी गर्‍यो । गण्डकी प्रदेशका धेरै ठेकेदारलाई समातेर, बोलाएर, लिएर आएर काम गरायौं', उनले भने, 'कान्छाराम तामाङ (कांग्रेस

बाँकी तेश्रो पेजमा

# बसन्तपुर थानीमाई मन्दिरबाट भगवतीले सुरू गरिन चुनावी अभियान

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ निर्वाचन क्षेत्र नं. १ मा नेकपा एमालेको तर्फबाट प्रतिनिधिसभा सदस्यमा उम्मेनवारी दिइएकी भगवती न्यौपानेले भानु नगरपालिका-७ बसन्तपुरस्थित प्रसिद्ध थानीमाई मन्दिरबाट आफ्नो चुनावी अभियान सुरू गरेकी छन्। न्यौपानेले बुधबार थानीमाईको दर्शन गरी चुनावी अभियान सुरू गरेकी हुन् ।

राष्ट्रिय सभा सदस्य हुँदा न्यौपानेको पहलमा चालु आर्थिक वर्षमा थानीमाईको मन्दिर जाने सडकको लागि तिन करोड रूपैयाँ बजेट बिनियोजन भएको बताइएको छ। बर्षौ अघि निर्माण भएको उक्त सडक हालसम्म स्तरोन्नती नभएको अवस्थामा न्यौपानेले उक्त सडक कालोपत्रका लागि चालु आर्थिक वर्षमा उक्त बजेट विनियोजनका लागि पहल गरेकी थिइन् ।

थानीमाई तनहुँको धार्मिक आस्थाको प्रतिक र प्रसिद्ध पर्यटकीय स्थल भएको हुँदा यस क्षेत्रको विकास गरी धार्मिक पर्यटक भित्र्याउन आवश्यक पूर्वाधार तयार गर्न आफु लागि पर्ने उनले प्रतिबद्धता जनाएकी छन् । 'म थानीमाईलाई साक्षी राखेर भन्छु, यस क्षेत्रको विकासमा म रातदिन लागिपर्छु' न्यौपानेले भनिन्, 'राष्ट्र बचाउने अभियान थानीमाईको मन्दिरबाट सुरू गरेकोछु, सबैले साथ दिनुहुनेछ भन्ने अपेक्षा छ ।'

यस्तै, नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहेकी न्यौपानेले बुधबार दमौलीमा पत्रकार भेटघाट गर्दै जनताको सुख-दु:खमा सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरेकी छन् । आफ्नो जीवन जनताको सेवाका लागि समर्पित रहेको बताउँदै उनले राष्ट्रप्रति अगाध माया भएको उल्लेख गर्दै स्वाधीनता र राष्ट्रियताको सवालमा एमाले सधैं दृढ रूपमा उभिँदै आएको स्पष्ट पारिन् ।

'राष्ट्रियता र स्वाधीनताको रक्षा एमालेको मूल एजेन्डा हो', उनले भनिन्, 'यस क्षेत्रको विकासमा आफूले महत्वपूर्ण भूमिका खेलेको छु । मन्त्री बनेको छोटो अवधिमै कर्मचारी प्रशासन सुधारमा उल्लेखनीय कामको थालनी गरेको थिए ।'



मन्त्री पद सम्हालेपछि ५३ दिनभित्रै कर्मचारी प्रशासन सुधारका लागि महत्वपूर्ण निर्णय र पहल अघि बढाइएको उनको भनाइ थियो । उनले कर्मचारी प्रशासनलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यका साथ सुधारको प्रक्रिया सुरू गरिएको बताइन् ।

तनहुँका बस्ती-बस्तीबारे आफूलाई राम्रो जानकारी रहेको उल्लेख गर्दै उनले तनहुँ-१ को समग्र विकास र मुहार फेर्न स्पष्ट र दीर्घकालीन विकास खाका आवश्यक रहेको बताउँदै भनिन्, 'यस क्षेत्रको आवश्यकता बुझेर योजनाबद्ध ढंगले विकास अघि बढाउनुपर्छ ।'

उनले हाल सरकारमा एमाले सहभागी नभए पनि एमालेमाथि लागेका आरोपहरूबारे निष्पक्ष छानबिन गर्न आग्रह गरिन् । साथै, जेनजीले उठाएका सुशासनका सवालमा एमाले सधैं समर्थनमा रहेको उनले बताइन् ।

यस्तै, तनहुँ-१ मा न्यौपानेसहित १६ जनाको उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृत विष्णुकुमार उपाध्यायले बताए । उपाध्यायका अनुसार तनहुँ क्षेत्र नम्बर १ मा

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# प्रवर्द्धनको पर्खाइमा तनहुँसुर

तनहुँ धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक स्थलले भरिपूर्ण जिल्ला हो। यही अन्तर्गत व्यास नगरपालिका अन्तर्गतको तनहुँसुर ऐतिहासिक एवं पुरातात्विक महत्वको साथै हिमश्रृंखला, विभिन्न गाउँ तथा वन पाखा, जैविक एवं सांस्कृतिक विविधतायुक्त क्षेत्र पनि हो । कृषि र रमणीय वातावरणले पनि भरिपूर्ण यो क्षेत्र अहिले उपेक्षामा परेको छ । ऐतिहासिक एवं पुरातात्विक महत्वको तनहुँसुर क्षेत्र उजाडिदै गएपछि अहिले यस क्षेत्रको प्रवर्द्धनका लागि व्यास नगरपालिका तथा यससंग सम्बन्धित निकायहरू लागि परेका छन् । नगरपालिका तथा स्थानीयले तनहुँसुरलाई ऐतिहासिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अगाडि बढाएका छन् भने पुरातत्व विभागले पनि पुरातात्विक महत्वका विषयमा अध्ययन अनुसनधान गरी आवश्यक पूर्वाधारहरू निर्माण गर्दै आएका छन् । तनहुँसुरलाई कृषि र वातावरणसँग जोडेर प्रवर्द्धन गर्ने अभियान पनि शुरू गरिएको छ। यो योजना पक्कै पनि यस्ता कार्यक्रमले उजाडिएको तनहुँसुरलाई पुनः चलायमान बनाउन महत्वपूर्ण कडि बन्न सक्ने छ । ऐतिहासिक महत्व बोकेको तनहुँसुरको पर्यटन प्रवर्द्धनका लागि 'एग्रो टुरिजम' गतिविधि सञ्चालन गरिने र खण्डहर बन्दै गएको तनहुँसुरमा पछिल्ला केही समयमा पर्यटकको चहलपहल पनि बढ्दै गएको छ ।

तनहुँसुर क्षेत्रको प्रवर्द्धनका लागि व्यास नगरपालिकाको सहयोगमा सम्पदा नेपालले सामुदायिक घरवास शुभारम्भ गरेको छ। स्थानीयवासी घरवास सञ्चालनका लागि अग्रसर पनि भएका छन् । यहाँका स्थानीयवासी सिलिङे फूलको रूखदेखि धार्नी चौतारीसम्म सिढीबाटो र वृक्षरोपण गर्ने, घरवासका अलवा कृषि र पशुपंक्षी समूह निर्माण तथा तालिम सञ्चालन गरेका छन् । नगरपालिकासँगको समन्वयमा कृषि तथा पशुपंक्षी सम्बन्धी विविध कार्यक्रम सञ्चालन तथा 'इको ट्रेक' विकास गरिदै आइएको छ । चमेरे गुफा मुलपानी–भगवतीपानी मन्दिर हुँदै देवस्थल सामुदायिक घरवास भवनसम्म नक्सांकनसहित डिपिआर निर्माण गरिने भएको छ। तनहुँसुरमा संघीय सरकारको सहयोगमा सडक कालोपत्र, तनहुँ कालिका मन्दिर निर्माण, पुरातात्विक सम्पदा संरक्षण एवं विकास, सामुदायिक भवन तथा घरवास पूर्वाधार निर्माण, इन्टरनेट, सडकबत्ती जडान, शिक्षा, स्वास्थ्य, वन तथा कृषिसम्बन्धी कार्यक्रम सञ्चालित छन्। तनहुँसुरको थप प्रवर्द्धन र प्रचारप्रसारका लागि पर्यटन तथा वातावरण मेला गरिने भएको छ । यहाँको पुरातात्विक सम्पदा संरक्षणसम्बन्धी वक्तृत्वकला, खाना महोत्सव, घरवास मार्ट, सांस्कृतिक कार्यक्रमले पक्कै पनि तनहुँसुर क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्ने छ ।

नेपाल एकीकरण पूर्व तनहुँसुर सेनवंशी राजाहरूको राज्य थियो । यस राज्यको ऐतिहासिक विवेचना गर्दा लिच्छवीकालमा लिच्छवी राज्य क्षेत्रभित्र परेको देखिन्छ। तनहुँसुरमा इसाको १६औं शताब्दीदेखि सेनवंशी राजाहरूले राज्य गरेको ऐतिहासिक तथ्यहरू उपलब्ध भएका छन् । यस वंशका राजाले तनहुँमा राज्य गर्ने क्रममा तनहुँसुरलाई राजधानी कायम गरी राजदरबार र अन्य सम्पदाको निर्माण गर्न लगाएका ऐतिहासिक प्रमाण एवं उक्त क्षेत्रमा रहेका भग्नावशेषबाट पुष्टि गरेको अध्ययनले देखाएको छ । भग्नावशेषको रूपमा तनहुँसुर दरबार क्षेत्रमा अध्ययन अनुसन्धान गर्न स्थानीयबाट अनुरोध भएपछि पुरातत्व विभागले दुई वर्षदेखि उत्खननका काम गर्दै आएको छ । उत्खननबाट इँटा बिछ्याइएको आँगन र पानीको निकासका लागि बनाइएको कुलेसो, रानीको नुहाउने स्थल, इनार भेटिएको छ । साथै गढीमा गरिएको उत्खननबाट ती क्षेत्रको संरक्षणका लागि योजना बनाउन महत्वपूर्ण योगदान पुग्न सक्छ। उत्खन्नको क्रममा प्राप्त भएका इँट्टा, झिङ्टी, कलश, पाला, दुईवटा सिलौटा, आधा टुटेको चुरा, त्रिभुवनको पालाको पाँच पैसालाई पनि उपलब्धिको रूपमा लिइएको छ ।

विसं १५७५ देखि १६१० सम्म मणि मुकुन्दसेनले प्रथम शासकका रूपमा तनहुँसुरमा शासन गरेका थिए । यिनले तनहुँ राज्यलाई विस्तार गरी विशाल राज्यमा परिणत गरेका थिए। विशाल राज्यमा परिणतपश्चात राज्य विभाजन गरी अंशवण्डा गर्ने क्रममा छोरा भृङ्गीसेनको भागमा परेको थियो र यी राजाले आफ्नो राज्यको राजधानी तनहुँसुरलाई कायम गरेको पाइन्छ । राज्य सञ्चालनका क्रममा तनहुँ दरबार एवं विभिन्न संरचना निर्माणलगायत राज्यको आर्थिक विकासका लागि बन्दिपुरलाई व्यापारिक केन्द्रका रूपमा कायम गरेका थिए। तनहुँसुरमा दरबार, महादेव र विष्णु मन्दिर, खड्ग देवताको मन्दिर छ । यी ऐतिहासिक महत्वको सम्पदा अहिले खण्डहर बन्दै गएको हुँदा यसको प्रवर्द्धनका लागि स्वयं स्थानीय बासिन्दा नै जागरूक हुनुपर्दछ भने नगरपालिका तथा यससंग सबन्धित निकाय र संघ संस्थाहरूले पनि हातेमालो गर्न जरूरी छ ।


www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
Phone: 065563907, 9856060376

# परिवर्तनको गतिमा हराउँदै गएको मानवीय जीवन

संसार निरन्तर बदलिँदैछ । समय कहिल्यै एकै ठाउँमा उभिँदैन, यो नरन्तर बगिरहने नदी हो। परिवर्तन उसका छाल हुन् । कहिले शान्त त कहिले उग्र। परिवर्तन आफैँमा कुनै नयाँ कुरा होइन, तर पछिल्ला केही दशकयता त्यसको गति यति तीव्र भएको छ कि मानिससँग त्यसलाई आत्मसात गर्ने फुर्सदसमेत छैन।

प्रविधिले जीवनलाई अकल्पनीय रूपमा सहज बनाइदिएको छ। संसार आज औँलाको टुप्पोमा अटाएको छ । दूरी खुम्चिएको छ । समय बचत भएको छ र अवसरहरु ढोकैमा आइपुगेका छन् ।

तर, यही सहजताको मूल्य हामीले के गुमाएर तिरिरहेका छौँ ? हामीसँग सुविधा थपिएको छ, तर संवेदना घटेको छ। हामी छिटो हिँड्न सिकेका छौँ, तर गहिराइमा पुग्न बिर्सिएका छौँ। हाम्रो जीवन बाहिरबाट उज्यालो देखिन्छ, तर




भित्र कतै मौन अँध्यारो फैलिँदै गएको अनुभूति हुन्छ। आधुनिकताको चमकभित्र कतै मानवीय आत्मा हराउँदैछ कि भन्ने प्रश्नले मनलाई लगातार घोचिरहन्छ ।

आजको समाज ऐनाजस्तै छ। बाहिरबाट हेर्दा सुन्दर, पूर्ण र चम्किलो तर त्यो ऐनाभित्र पस्दा देखिने दृश्य फरक छ । हामी आधुनिक बनेका छौँ, तर आत्मीय बन्ने कला बिर्सिँदैछौँ। हामीसँग शब्दहरु धेरै छन् तर संवाद कम छ। के हामी सही दिशातर्फ अघि बढिरहेका छौँ? कि केवल चमकको पछि लागेर आफ्नै उज्यालो गुमाउँदैछौँ ?

विगत र गाउँको जीवनलाइ हेर्दा जहाँ मानिस केवल मानिस नै थियो । गाउँ केवल भौगोलिक संरचना मात्र थिएन, त्यो जीवन बुझ्ने एउटा दर्शन थियो। त्यहाँ बिहान घामसँगै जीवन ब्यूँझिन्थ्यो र साँझ चुल्होको धुवाँसँगै थकान बिसाउँथ्यो। समय घडीले होइन, प्रकृतिले नापिन्थ्यो। घरहरु झुपडी र साधारणथिएतर ती झुपडीभित्र बस्ने मनहरु विशाल थिए।

माटोले लिपिएको आँगनमा हिँड्दा खुट्टाले मात्र होइन, मनले पनि माटोलाई छुन्थ्यो। चुल्लोको आगोले पेट मात्र होइन, सम्बन्ध पनि तताउँथ्यो। धुवाँको गन्धले घरको अस्तित्व सम्झाउँथ्यो। जीवन देखावटी थिएन, जीवन स्वाभाविक थियोजसरी बग्छ, त्यसरी नै स्वीकार गरिएको।

त्यहाँ छिमेकी अपरिचित थिएनन् दुःख पर्दा ढोका ढकढक्याउनुपर्दैनथ्यो, आँखा जुधेपछि नै साथ पाइन्थ्यो। एउटा घरको पीडा सिङ्गो गाउँको पीडा बन्थ्यो। सुख पनि एक्लै मनाइँदैनथ्यो, किनकि खुशी बाँड्दा मात्र खुशी बढ्छ भन्ने बुझाइ थियो। सम्मान पैसाले होइन, व्यवहार र मनले कमाइन्थ्यो ।

गाउँका सपनाहरु पनि सादा थिए। कसैले महल बनाउने कल्पना गर्दैनथ्यो। सपना त आफ्नै माटोमा पसिना बगाएर अन्न फलाउने, परिवारलाई भोकै नराख्ने, र इमानदारीपूर्वक बाँच्ने हुन्थ्यो। खेतबारी नै व्यायामशाला थिए, श्रम नै औषधि थियो, र पसिना नै जीवनको गहना।

पहिले छोराछोरी काम गर्न सहर जाँदा पनि फर्कने बाटो खुला हुन्थ्यो। आमा घरको पिँढीमा बसेर पारी डाँडासम्मको जाने र फर्कने बाटो हेरिरहन्थिन् । आँखामा आँसु टल्किन्थ्यो, तर मनमा भरोसाको दीप बलिरहेको हुन्थ्यो । छोराछोरी फर्किन्छन् र यही आँगन फेरि उसको हाँसोले भरिनेछ भनेर। आज त्यो पिँढी उस्तै छ, तर बाटो असाध्यै लामो भएको छ। अब छोराछोरी सहरमा मात्र होइन, समुद्रपारि जान्छन् । आमाले आँसु मनभित्रै थुनेर विदाइ दिनुपरेको छ । सुख र सम्पत्ति कमाउने नाममा अपनत्वसँग दूरी बढाइएको छ । विदाइका क्षणमा आमाको मन भारी हुन्छ।

फोनको पर्दामा देखिने अनुहारले आमाको काखको न्यानोपन दिन सक्दैन। भिडियो कलले बाबुको हातको स्पर्श, गाउँको हावा र माटोको सुवास बोकेर ल्याउन सक्दैन । सहर र विदेशमा कमाइएका पैसाले पक्की घर त बनाउँछ, तर त्यो घरको आँगनमा खेल्ने पाइला र गुञ्जिने हाँसो फर्काउन सक्दैन । यही मौनता आज धेरै आमाबुवाको छातीभित्र थुनिएको छ।

सहर टाढाबाट हेर्दा सपनाजस्तै देखिन्छ। अग्ला भवन, रंगीन बत्ती, फराकिला सडक, सबै कुरा आकर्षक । विदेश त झन् भविष्यको सुनौलो ढोका नै हो भनेर भनिन्छ । तर नजिक गएपछि थाहा हुन्छ, त्यो चमकभित्र छायाँ कति धेरै छ भनेर ।

सहरमा मानिसको भीड छ, तर मनहरु एक्ला छन्, पैसा छ, तर समय छैन। सुविधा छ, तर शान्ति छैन । विदेशमा जीवन व्यवस्थित छ, तर आत्मीयता दुर्लभ। त्यहाँ मानिसलाई उसको श्रमले चिनिन्छ, भावनाले होइन। हामी सहर र विदेशलाई समाधान ठान्छौँ, तर समस्या त हाम्रो दृष्टिकोणमै छ। जहाँ भए पनि, यदि मन अशान्त छ भने, त्यो स्थान कहिल्यै स्वर्ग बन्न सक्दैन । चमकले आँखालाई तान्छ, तर आत्मालाई सन्तुष्ट पार्न सक्दैन ।

सफलता भनेको सहर पुग्नु वा विदेश उड्नु मात्र होइन। सफलता भनेको जिम्मेवार, इमानदार र संवेदनशील मानिस बन्नु हो। जहाँ रहेर पनि समाजका लागि केही गर्न सक्नु नै साँचो उपलब्धि हो।

युवालाई सोध्न मन लाग्छ, तिमीले कमाएको पैसाले आमाको आँसु पुछ्न सक्छ ? बाबाको एक्लोपन मेट्न सक्छ? यदि सक्दैन भने, त्यस सफलताको अर्थ पुनः सोचिनु आवश्यक छ ।

यो लेखको उद्देश्य विदेश वा प्रविधिको विरोध गर्नु होइन। विकास आवश्यक छ, परिवर्तन अपरिहार्य छ। तर विकास सन्तुलित हुनुपर्छजहाँ सुविधा र संवेदना दुवै सँगै हिँडून् । गाउँलाई कमजोरी होइन, सम्भावनाको केन्द्रका रूपमा हेर्नुपर्छ। प्रविधिसम्बन्ध तोड्ने होइन, जोड्ने प्रयोग गर्नुपर्छ । कमाउने दौडसँगै बाँड्ने संस्कार पनि जोगाउनुपर्छ।

संसार जित्नु भनेको महल बनाउनु होइन। झुपडीभित्र बसेर पनि मन जित्न सक्नु नै साँचो जित हो। महलको चमक क्षणिक हुन्छ, तर झुपडीको उज्यालो स्थायी। यदि हामीले त्यो उज्यालो जोगाउन सक्यौँ भने, विकासले मानवता गुमाउने छैन। प्रविधि अपनाऔँ, तर मानवता नबिर्सौँ। महल बनाऔँ, तर झुपडीले सिकाएको माया, सन्तोष र आत्मीयता कहिल्यै नछोडौँ। किनकि अन्ततः मानिसले खोज्ने कुरा सुविधा होइन– शान्ति हो । अनलाइनखबरबाट

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईको आज

### मेष
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। मिहिनेत गर्दा नाम,दाम र इनाम हातपार्ने सौभाग्य प्राप्त हुनेछ ।

### वृष
विभिन्न सहयोग र उपहार हातलागी हुने समय छ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ।

### मिथुन
मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ।

### कर्कट
नयाँ योजना कार्यान्वयनमा ल्याउन सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। कामको चापबाट फुर्सद पाइनेछ।

### सिंह
चुनौती चिर्दै काम बनाउन सकिनेछ। बलभन्दा बुद्धिको उपयोगले प्रतिद्वन्द्वी परास्त हुनेछन्।

### कन्य
अनावश्यक साइनो गाँसी नजिकिनेहरुसँग पनि सावधान रहनुहोला। नयाँ काम प्रारम्भ गर्ने समय छ।

### तुला
आफन्तसँग रमाइलो भेटघाट हुनेछ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। व्यवसायमा मनग्य धनलाभ हुनेछ।

### वृश्चिक
सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ।

### धनु
मान-सम्मान प्राप्त हुनेछ। व्यापार बढ्नाले मनग्य धन लाभ हुनेछ। चिताएका काम सम्पादन हुनेछन्।

### मकर
सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

### कुम्भ
व्यवसायले मनग्य आम्दानी दिलाउनेछ। हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ, सजग रहनुहोला।

### मीन
चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।

# हिमपात नहुँदा हुम्लाका कृषक चिन्तित

**रासस/हुम्ला**

हुम्लामा हिमपात नहुँदा किसान चिन्तित बनेका छन् । विगतका वर्षहरुमा मङ्सिर, पुस र माघ महिनामा बाक्लो हिमपात हुने गर्दथ्यो । यसवर्ष माघ महिनाको पहिलो साता हुँदा पनि हिमपात हुन नसकेको हो । लामो समयसम्म हिमपात नहुँदा खडेरी हुने होकी भन्ने चिन्तामा यहाँका किसान छन्। माघ महिनाको पहिलो सातासम्म हिमपात नहुँदा यहाँका किसान चिन्तामा परेका छन् । यो समय हिमपात हुनुका साथै सदरमुकाम सिमकोटसहित अग्ला स्थानहरु सेताम्ये देखिन्थे भने किसान खुसी हुन्थे। तर यो वर्ष जिल्लामा गएको असोज महिनाको अन्तिममा एक पटक मात्रै हिमपात भएको छ । त्यसले खासै किसानका लागि खुसी भने गराएको छैन् ।

हिउँद याममा हिमपात नहुँदा चिसो बढेको छ । हुम्लाको आकाशमा केही दिनदेखि बादल मडारिए पनि हिमपात हुन सकिरहेको छैन । चार, पाँच दिनसम्म आकाशमा बादल मडारिने गरे पनि हिमपात हुन नसकेको हो । मंसिर पुस र माघ महिनामा अत्याधिक हिमपात हुने भए पनि यो वर्ष मंसिर र पुस दुई महिनासम्म हिमपात हुन सकिरहेको छैन । यो समय जिल्लामा हिमपात भएर सेताम्य हुने भए पनि उराठलाग्दो देखिएको छ । सिमकोट गाउँपालिका–३ का स्थानीय पेमा लामाले भन्नुभयो, "यतिबेला हिउँले जताजतै सेत्याम्ये देखिन्थ्यो, हिउँमा बालबालिकादेखि युवायुवतीहरु रमाउने गर्थे तर यो वर्ष त्यसो हुन् सकेन् । पुस महिना सकिएर माघको आज ६ गते भइसक्यो ।" बढी हिमपात हुने महिना पुस र माघ हो तर हिउँ परेन अब फाल्गुनमा के हुने हो थाहा नभएको लामाको भनाई थियो।

यस वर्षको हिउँद याममा हिमपात र वर्षा दुवै नहुँदा विशेष गरी किसान चिन्तित बन्न थालेका छन् । हुम्लामा बर्सेनि मङ्सिर, पुस र माघ महिनामा भारी हिमपात हुने गरे पनि यो वर्ष किसानले सोचेअनुसार हिमपात हुन नसकेको बताएका छन् । जेठासीबालीमा खडेरी हुने चिन्तामा रहेको सिमकोट गाउँपालिका–२ ठेहेका गौगोरा बोहराले गुनासो गर्नुभयो । किसान बोहराले भन्नुभयो, "जाडो मौसममा भारी हिमपात नभएका कारण खेतमा लगाइएको जौ, गहुँ र उवा बालीको उत्पादन घट्ने देखिएको छ ।" विगतका वर्षहरुमा कात्तिक महिनादेखि फागुन महिनासम्म हिमपात हुनुका साथै किसानलाई राहत हुन्थ्यो ।" यो वर्ष हिमपात हुन सिकरहेको छैन। हिमपात नभएर यहाँको जमिन, सुक्खा देखिँदै गएका छन्भने हिउँदको समयमा हिउँ नपर्नुले सेताम्य हिमाल काला पत्थरमा परिणत हुनथालेका छन्। हिउँले सेताम्य देखिने यो समय हुम्लाका विभिन्न हिमाल सुक्खा देखिएका छन्। पुस महिनामा बाक्लो हिमपात भएर सेताम्ये हुने जिल्लाका विभिन्न चाङ्ला, रलिङ, सैपाल, पञ्चमुखी लगायत उच्च हिमालहरु सुक्खा देखिएका छन् । हिमपात नहुँदा यी हिमालहरु हिउँको पर्खाइमा छन् ।

जलवायु परिवर्तनमा आएको असर हुम्लामा समेत परेको छ । जिल्लाको मौसममा कहिले आकाशमा बादल देखिए पनि हिउँ पर्छ कि भनेर यहाँका किसानले आशा राखे पनि केही समयपछि बादल आकाशमै हराउने गरेको खार्पुनाथ गाउँपालिका–५ दुर्पा गाउँका गोर्ख रोकायाले बताउनुभयो। उहाँले भन्नुभयो, "हुम्लामा दुई–तीन वर्ष यतादेखि दश वर्ष पहिलाको जस्तो सोचेअनुसारको हिमपात हुन छोडेको छ ।" यो पुस महिनाको समय सिमकोट, खार्पुना, नाम्खा, सर्केगाड र चङ्खेली गाउँपालिकाका उच्च स्थान हिउँले ढाकेर सेताम्ये देखिन्थे तर केही वर्षयता देखिन सकेका छैनन् । यो समयको हिउँदयाममा भारी हिमपात भएर किसान उत्हासीत हुनुका साथै पुसको हिउँ सिला, माघ हिउँ विला, फागुनको हिउँ टिलाफिा भनेर किसान उख्खान समेत भन्ने गर्थे। पुस हिउँ सिला, माघ हिउँ बिला भन्ने स्थानीयको उखानजस्तै माघमा परेको हिउँ बिलाउँदै जाने गर्छ । पुसमा परेको हिउँ जमेर बस्छ भने फागुनमा परेको हिउँ टिलाफिला भएर जान्छ । हिउँ नपर्दा गाउँघरमा बूढापाखाले यो कलियुग आएको भन्ने गरेको रोकायाले बताउनुभयो।" जिल्लामा भारी हिमपात हुँदा एक गाउँबाट अर्को गाउँसम्म पुग्न समस्या बनाउथ्यो भने अत्याधिक चिसोले जनजीवन कष्टकर बनाउथ्यो यहाँका नागरिकले हिउँमा रमाउथे रोकायाले भन्नुभयो ।

यो पटक मङ्सिर र पुस दुई महिना हिमपात नभएर बित्दा जेठमा पाक्ने जेठासी बाली उवा, गहुँ, जौलाई असर गर्छ भनेर कृषक चिन्तित भएका छन् । खेतबारीमा लगाइएको गहुँ, जौ, उवालगायतका बालीलाई पुसदेखि जेठसम्म बेलाबेलामा पानीको आवश्यकता पर्ने भएकाले यस वर्ष समयमा वर्षा नहुँदा कृषक चिन्तीत बनेका छन् । गर्त वर्ष ढिलो गरी हिमपात र वर्षा भएकाले यो वर्ष पनि ढिलो गरी हुन सक्छ कि भन्ने आशामा किसान छन् ।

जाडो सिजनमा पनि हिउँ नपरेपछि एकातिर चिसो बढ्दै गएको छ भने अर्कोतिर तुषारोले बाली खानेमा कृषक चिन्तित रहेको सर्केगाड गाउँपालिका–६ बराई गाउँका मानबहादुर ऐडीले बताउनुभयो । आवश्यक पर्ने हिउँ र वर्षा नभएपछि खेतमा लगाएको बाली नउम्रने र उम्रे पनि मरेर जाने भएको ऐडीले बताउनुभयो । खेतमा जौ र उवा लगाए पनि हिउँ नपर्दा खेतमा लगाएको बाली खेर जानेमा डर भएको छ । ऐडीले भन्नुभयो, "हुम्लामा दश वर्षअघि जस्तो हिउँ अचेल परेको छैन। मङ्सिर महिनामा दुई पटक पातलो हिउँ पर्‍यो, केही समयमै बिलायो ।" पछिल्लो जिल्लामा समय हिउँ परे पनि फासफुस मात्र पर्छ, जमिन बेस्सरी भिजाउने गरेर हिउँ नपरेको उहाँको भनाइ थियो । दर्के झरी पनि पर्न छोडेको ऐडीले बताउनुभयो ।" पुसमा जति बाक्लो हिउँ पर्‍यो, हिउँदे बाली उति राम्रो हुन्थ्यो तर यो वर्ष परेको छैन। हिउँदमा हिउँ बेस्सरी परेर बाली राम्रो भएको वर्ष जेठासीको उत्पादनले चार, पाँच महिना मुस्किलले खान पुग्ने गरेको उहाँको भनाइ छ । हिउँदको महिना हिउँ नपर्दा जेठासी बालीका लागि खेतबारीमा सिँचाइको व्यवस्था नहुँदा खडेरीको समस्या निम्तिएको हो ।

स्थानीयहरुमा चिसो बढेको भन्दा पनि हिमपात नभएको कारण खेतमा लगाइएको हिउँदे बाली जेठमा पाक्ने उवा, गहुँ र जौ सुक्ने भन्दै चिन्तामा छन् भने चैत, वैशाखमा लगाइने कात्तिकमा पाक्ने वर्षे बालीलाई समस्या पर्ने हो की भन्ने चिन्ताले बढीले सताउन थालेको छ। हिमाली जिल्ला हुम्ला मात्रै नभएर कर्णाली प्रदेशका साविकका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लाका उच्च भेगमा हिमपात नहुँदा कृषक चिन्तित बनेका छन् ।

## बसन्तपुर थानीमाई ........

नेकपा (माओवादी) का ओमविक्रम पन्त, श्रम संस्कृति पार्टीका काशीराम गुरूङ, नेपाली कांग्रेसका गोविन्द भट्टराई, आम जनता पार्टीका चिजामाया अधिकारी, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, मङ्गोल अर्गनाइजेशन पार्टीका प्रेमबहादुर थापा, नेकपा (एमाले)का भगवती न्यौपाने, उज्यालो नेपालका मन्जिल राना, नेपाल जनमुक्ति पार्टीका यामबहादुर आले, नेपाल मजदुर किसान पार्टीका रामलक्ष्मी दुवाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामदत्त जोशी, स्वतन्त्र उम्मेदवार लेखनाथ खनाल, नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकाल, स्वतन्त्र उम्मेदवार सन्देश रानाभाट लौडारी, नेशनल रिपलब्कि नेपालका सुमन थापामगर र राष्ट्रिय स्वतन्त्र पार्टीका डा स्वर्णिम वाग्लेको उम्मेदवारी दर्ता भएको छ ।

यस्तै, तनहुँमा कुनै पनि उम्मेदवारविरूद्ध उजुरी नपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# दुई पदका लागि स्याङ्जामा २८ जना चुनावी मैदानमा

**रासस/स्याङ्जा**

दुई वटा निर्वाचन क्षेत्र रहेको स्याङ्जामा २८ जनाको उम्मेदवारी परेको छ। क्षेत्र नं १ को जिल्ला सदरमुकाममा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं २ को वालिङ नगरपालिका कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

क्षेत्र नं १ मा ११ वटा राजनीतिक दल र दुई स्वतन्त्र उम्मेदवारसहित १३ जनाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार आगामी फागुन २१ हुने हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, प्रगतिशील लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, श्रम संस्कृति पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, उज्यालो नेपाल, राष्ट्रिय जनमुक्ति पार्टीसहित दुई जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् । क्षेत्र नं १ मा नेपाली कांग्रेसका भरतराज ढकाल, एमालेका मीनप्रसाद गुरूङ, नेपाली कम्युनिष्ट पार्टीका शैलेन्द्र घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीका डा धनञ्जय रेग्मीलगायत उम्मेदवार रहेका छन् ।

क्षेत्र नं २ मा ११ राजनीतिक दल र चार जना स्वतन्त्र उम्मेदवारसहित १५ जनाको उम्मेदवारी परेको क्षेत्र नं २ का निर्वाचन अधिकृत ऋषि पौडेलले जानकारी दिनुभयो । उम्मेदवारी दिनेमा नेपाली कांग्रेसका भागवतप्रकाश मल्ल, एमालेका खिमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका झविलाल डुम्रे, नेपाली कम्युनिष्ट पार्टीका पदमबहादुर विश्वकर्मालगायत छन् ।

## कन्यालाई टीका ......

नेता) हो यहाँको ठेकेदार । यो भन्दा अगाडि मसँगै संसद्मा हुँदा धेरैपटक कुराकानी गरैं । अझै अधुरो छ । २ वर्षमा सक्ने भनेको काम ७/८ वर्ष लाग्यो भयो।' २०५३ सालतिर यी सडकहरूलाई ग्रीन रोड (हरित सडक)का रुपमा अघि बढाएको उनले बताए ।

'कोही शिलान्यास भयो, बन्द भएको छ । कुनै हामीले निर्णय गर्‍यौं, कार्यान्वयनमै आएन । गर्भमै रह्यो, जन्मिएन । यस्ता धेरै योजना छन् लमजुङमा', उनले भने, 'कहिले चुनाव हार्ने, कहिले जित्ने । जित्दाचाहिँ मन्त्री हुन नपाउने । मन्त्री भए पनि भनेको मन्त्री हुन नपाउने।' उनले बहुवर्षीय योजनाहरु आफू इतरका सरकारले अगाडि नबढाइदिँदा विकासले गति लिन नसकेको बताए । उनले आफू पदाधिकारी भएको हैसियतले पार्टी सरकारमा जाँदा रोजेको मन्त्री हुने अवसर पाइने भन्दै यसपटक पनि जिताउन आग्रह गरे । उनले अधुरा योजना पूरा गर्न आफ्नो उम्मेदवारी रहेको बताए ।

संघीयतापछि प्रतिनिधि सभा सदस्यका लागि एउटामात्र निर्वाचन क्षेत्र कायम भएको लमजुङमा उनी दोस्रोपटक चुनावी मैदानमा छन् । २०७९ को चुनावमा तत्कालीन सत्ता गठबन्धनका उम्मेदवार तत्कालीन माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरूङलाई हराउँदै पृथ्वी सुब्बा गुरूङ निर्वाचित भएका थिए।

फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्यका लागि पृथ्वी सुब्बा गुरूङसँगै नेपाली कांग्रेसका तर्फबाट जिल्ला सदस्य गमप्रसाद गुरूङ, रास्वपाका केन्द्रीय संगठन विभाग सदस्य धर्मराज केसी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का हरिजङ तामाङ, राप्रपा जिल्ला अध्यक्ष केविन्द्रजङ गुरूङ, नेपाल मजदुर किसान पार्टीका तर्फबाट गुजेश्वरी प्रजापति मगजु, सन्तोष घिमिरे, नेकपा (माओवादी) का रविन्द्र नखोला, नेश्नल रिपब्लिक नेपालका भरत गुरूङ, मंगोल नेसनल अर्गनाइजेसनका विकास गुरूङ, श्रम संस्कृति पार्टीका कोषलाल गुरूङ र जनादेश पार्टीका मिलन बास्कोटा गरी १२ जनाको उम्मेदवारी कायम भएको सहायक निर्वाचन अधिकृत रामबन्धु गौतमले जानकारी दिए । उनका अनुसार यहाँका कुनै पनि उम्मेदवारका विरूद्ध उजुरी परेको छैन ।


**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**माघ १० गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

१. **छाला सम्बन्धी रोगहरु:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. **यौनरोग सम्बन्धी समस्याहरु** (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. **कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. **सौन्दर्य चिकित्सा** (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**प्रत्येक महिनाको शनिबार :** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछानेद्वारा** स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तैः- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

**हाम्रा उपलब्ध सेवाहरु :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



**अभिभावकले बुलिङ्ग भएको कसरी थाहा पाउने ?**



विद्यालय जान नमान्ने/नचाहने



अचानक चुप लाग्ने वा उदास हुने



साथिहरूसँग टाढा रहने



शरीरमा चोटपटक लाग्ने, लुगा च्यातिने वा सामान हराउने

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७, ९८५६०६०३७६, ९८०६६१३३४०
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**किसानको घर गोठमै सेवा :** तनहुँको ऋषिङ गाउँपालिकाका किसानको घर गोठमै पुगेर पशुचौपायामा हुने पूर्ण खोप कार्यक्रमअन्तर्गत बाख्रालाई खोप लगाउँदै भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँका पशु स्वास्थ्य प्राविधिक । गाउँपालिकाका किसानहरूलाई आ-आफ्नो पशुचौपायालाई खोप लगाई स्वस्थ र सुरक्षीत राख्ने अभियान चलाइएको छ । *तस्विर : भञ्ज्याङ*

# प्रतिनिधिसभा सदस्य निर्वाचनः पाँच उम्मेदवारविरुद्ध उजुरी

**रासस**/काठमाडौं

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत मंगलबार १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयनपत्र दर्ता गरेका तीन हजार ४८६ उम्मेद्वारमध्ये पाँच उम्मेदवारविरूद्ध मात्र उजुरी दर्ता भएको छ । देशभरका १६५ वटै निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमा बुधबार बिहान १० बजेदेखि दिउँसो तीन बजेसम्म प्रारम्भिक जानकारी अनुसार पाँच उजुरी दर्ता भएको निर्वाचन आयोगका सहायक प्रवक्ता



कुलबहादुर जिसीले बताउनुभयो।

बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएका उम्मेद्वारको योग्यता पुगेको छैन भने त्यसको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको थियो । सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतसमक्ष प्रतिनिधिसभा निर्वाचन निर्देशिका, २०८२ को अनुसूची १६ बमोजिम उजुरी दर्ता भएको हो । उजुरीमा निर्वाचन अधिकृतले निर्देशिकाको अनुसूची १७ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची १८ बमोजिमको भरपाइ सम्बन्धित उजुरी कर्तालाई दिएको जनाइएको छ ।

निर्वाचन कार्यक्रमबमोजिम निर्वाचन अधिकृतले उम्मेदवारको विरोधमा उजुरी गर्ने म्याद समाप्त भएपछि म्यादभित्र दर्ता हुन आएका उजुरीको विवरण अनुसूची १९ बमोजिम तयार गरी कार्यालयमा प्रकाशनसमेत गरेका छन् । यसरी प्रकाशन गरिने सूचनामा जसका विरूद्ध उजुरी परेको हो, सो पक्षले सूचनामा तोकिएको अवधिमा प्रमाणसहित उपस्थित हुनुपर्नेछ । यसरी सूचना प्रकाशन भएपछि सम्बन्धित उम्मेदवारले सोको सूचना पाएको मानिने व्यवस्था छ । बुधबार दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरिने उहाँले बताउनुभयो । माघ ८ गते बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिनेछ। माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ । त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ । आयोगमा अहिलेसम्म प्राप्त जानकारीअनुसार पुरूष ३०८९, महिला ३९६ र तेस्रो लिङ्गी एक गरी ३४८६ को उम्मेदवारी दर्ता भएको छ ।


## बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्द स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं ।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं ।
- शहर तथा घना बस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं ।
- अनुमति दिंदानै तोकिएको शुल्क प्राप्त गरौं ।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नवीकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं ।
- बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रूपमा विकास गरौं ।
- बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरूप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं ।

**स्थानीय तहको आम्दानी वृद्धि गरौं,**
**गाउँ तथा शहर सुन्दर बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Dr. Mukul Dhakal**
x.com/mukuldhakal

समाजलाई बुझ्न समय लाग्नेछ तर यथार्थ मलाई लाग्छ चुनावका लागि उम्मेदवारहरूले मात्र मनोनयन दर्ता गराएनन्- "अशान्ति, अस्थिरता र भूराजनीतिक चक्रव्यु"ले पनि सँगसँगै मनोनयन दर्ता गराएका छन्। एउटा समय आउनेछ, र त्यतिबेला जे भएछ, त्यो गलत भएको रहेछ भन्ने कुरा भविष्यका इतिहासकारहरूले बुझ्नेछन् ।



**Rudra Pandey**
x.com/rudrarajpandey

न शिक्षा, न समाज सेवा, न उद्यमशीलता, न कार्यकारी अनुभव, सिर्फ सामाजिक संजालका चटके र यूट्यूबे पत्रकारको भिड बन्ने भो नेपालको संसद। यी औसरवादीलाई उद्योग धन्दा गर्ने र दिन भर पसीना काटनेको मर्म के थाह? यिनीहरूको भिडले संसद क्याप्चर गर्यो भने नेपालको सिक्किमीकरण हुन सक्छ।



**Bishnu Rijal**
x.com/bishnurijal1

**चुनावका तीन कुरा**

१. देश निर्वाचनमा होमिएको छ। २३-२४ को त्रासदीपूर्ण घटनापछि अबको सहज निकास निर्वाचन नै हो भन्ने मान्यता पार्टीको केन्द्रीय कमिटीको १०औं बैठकमै राखेको र सार्वजनिक रूपमा समेत अभिव्यक्त गरिरहेको हुनाले व्यक्तिगत रूपमा आफ्नो बुझाइ र आफूले गरेको विश्लेषण ठीक रहेकोमा सन्तोष लागेको छ ।

२. निर्वाचनमा जित्ने नाममा गरिने असैद्धान्तिक गठबन्धनले एकातिर दल र दलीय व्यवस्थालाई कमजोर बनाउँछ भने अर्कातिर नागरिकको छनोटको अधिकारलाई संकुचित गर्दछ । त्यसैले निर्वाचनका बेला गरिने असैद्धान्तिक गठबन्धन र त्यस आधारमा हासिल परिणामपछि सत्ताका लागि फेरिने असैद्धान्तिक समीकरणले लोकतन्त्रलाई र संसदीय प्रणालीलाई विकृत बनाइरहेको छ । यसर्थ, निर्वाचनमा त्यस्तो असैद्धान्तिक गठबन्धन गरिनु हुन्न, त्यसले वास्तविक जनमतको प्रतिनिधित्व गर्दैन भन्ने मान्यता राख्दै आएको छु । यस पटकको निर्वाचनमा सबै दल आफ्नो बलमा, आफ्नो खुट्टामा उभिएर प्रतिस्पर्धामा उत्रिएका छन् । यसले सबैलाई आफ्नो धरातल बुझ्न र त्यस आधारमा तयार हुन अवसर प्रदान गरेको छ ।

३. अघिल्लो निर्वाचनमा कांग्रेस, माओवादी, समाजवादी जस्ता दलहरू मिलेर घेराबन्दी गर्दा पनि एमाले जनताको रोजाइको पहिलो पार्टी बन्न सफल भएको थियो । यस पटक खुल्ला र स्वच्छ रूपमा हुने वास्तविक प्रतिस्पर्धामा अध्यक्ष केपी ओलीको नेतृत्वमा एमालेले अघिल्लो निर्वाचनको भन्दा धेरै राम्रो परिणाम हासिल गर्नेमा शंका छैन । नयाँ हौं भन्नेहरूको हविगत तीन बर्षमै छताछुल्ल भइसकेको र प्रमुख प्रतिस्पर्धी कांग्रेस आन्तरिक समस्याबाट गुज्रिरहेको बेला अध्यक्ष ओलीको नेतृत्वको एकताबद्ध, सबल र प्रभाकारी एमालेले राम्रो सफलता पाउँछ भन्नेमा म विश्वस्त छु ।

# अल्ट्रा म्याराथन व्यवस्थापनका लागि विभिन्न समिति गठन

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले अगामि माघ १६ गते सञ्चालन गर्न लागेको ४४ किलोमिटर दुरीको अल्ट्रा म्याराथन प्रतियोगिता सञ्चालनका लागि विभिन्न समिति गठन गरेको छ। नगरकार्यपालिकाको बुधबार सम्पन्न २३०औं बैठकले नगर प्रमुख बैकुण्ठ न्यौपानेको संयोजकत्वमा मूल समारोह समिति गठन गरेको हो।

नगर प्रमुख न्यौपानेको अध्यक्षतामा सम्पन्न बैठकले व्यास-५ मानुङकोटदेखि व्यास-८ पुलिमराङस्थित शहीद पार्कसम्म ४४ किलोमिटर अल्ट्रा म्याराथन प्रतियोगिताको व्यवस्थापनका लागि उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति तथा नगर खेलकुद समितिका अध्यक्षको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरिएको छ। साथै, शाखागत रुपमा प्रशिक्षण, मञ्च तथा रूट व्यवस्थापन, प्रचार-प्रसार, यातायात र सुरक्षा व्यवस्थापनका जिम्मेवारी तोकिएका छन् ।

त्यस्तै, ४४औं नगरसभाबाट पारित विभिन्न प्रस्तावहरूको कार्यान्वयन अवस्थाबारे छलफल गर्दै सम्बन्धित शाखालाई बाँकी कार्य छिटो सम्पन्न गर्न निर्देशन दिइएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगद्वारा जारी गरिएको निर्वाचन आचारसंहिता सम्बन्धित सबै पदाधिकारीले कडाइका साथ पालना गर्ने निर्णय पनि बैठकले गरेको छ ।

बैठकमा चालु आर्थिक वर्ष २०८२/०८३ को आर्थिक अवस्थाबारे जानकारी दिइएको छ। कुल प्रक्षेपित आय १ अर्ब ८१ करोड ७६ लाख १९ हजार रूपैयाँमध्ये पौष मसान्तसम्म ७१ करोड ४६ लाख ५० हजार ३८१ रूपैयाँ प्राप्त भई ४६ करोड ४७ लाख ३८ हजार ३९५ रूपैयाँ खर्च भएको जनाइएको छ । नगरपालिकाले आन्तरिक आयतर्फ २० करोड प्रक्षेपण गरेकोमा ६ करोड ४९ लाख ४३ हजार ४७३ रूपैयाँ प्राप्त गरेको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४